# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नं. ००७-२०७९/०८०

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ॥

**(प्रथम पटक प्रकाशित मितिः- २०७९/०४/१० गते)**

चन्द्रकोट गाउँपालिका अन्तर्गत पर्ने विभिन्न स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईको लागि निम्न सेवाको पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता भएका इच्छुक व्यक्तिले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको परिक्षा दस्तुर बुझाएको राजश्व रसिद सहित यस चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मीमा दरखास्त दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**गाउँपालिका वा मातहतका स्वास्थ्य चौकी तर्फ**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | माग पदसंख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०७९-०८० | हेल्थ असिस्टेण्ट | पाँचौं | करार | २ | ५०० ।- |
| २. | ०२/२०७९-०८० | स्टाफ नर्स | पाँचौं | करार | १ | ५०० ।- |
| ३. | ०३/२०७९-०८० | ल्याव असिस्टेण्ट | चौथो | करार | १ | ४०० ।- |
| ४. | ०४/२०७९-०८० | अ.न.मी. | चौथो | करार | २ | ४०० ।- |
| ५. | ०५/२०७९-०८० | कार्यालय सहयोगी | श्रेणी विहिन | करार | २ | ३०० ।- |

**सामुदायिक स्वास्थ्य ईकाइ तर्फ:**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | माग पदसंख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०६/२०७९-०८० | अ.हे.व | चौथो | करार | १ | ४०० ।- |
| २. | ०७/२०७९-०८० | अ.न.मी. | चौथो | करार | १ | ४०० ।- |
| ३. | ०८/२०७९-०८० | कार्यालय सहयोगी | श्रेणी विहिन | करार | १ | ३०० ।- |

*(विज्ञापन नं. ०५/२०७९-०८० को हकमा दिव्रुङ्ग स्वास्थ्य चौकी र हर्राचौर स्वास्थ्य चौकी तथा विज्ञापन नं. ०८/२०७९-०८० को हकमा हर्राचौर सामुदायिक स्वास्थ्य इकाई कार्यक्षेत्र रहने छ भने अन्य विज्ञापनको हकमा कार्यक्षेत्र पछि तोकिने छ।)*

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

| पद/तह | आवश्यक शैक्षिक योग्यता |
|---|---|
| हेल्थ असिष्टेण्ट/पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिष्टेण्ट कोर्स उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भई नवीकरण गरेको। |
| स्टाफ नर्स | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स कोर्स उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता भई नवीकरण गरेको। |
| ल्याब असिष्टेण्ट/ चौथो | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरी ल्याब असिष्टेण्टको कोर्स उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भई नवीकरण गरेको। |
| अ.न.मी./ चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अनमी कोर्स उत्तीर्ण गरी नेपाल नर्सिङ काउन्सिलबाट दर्ता प्रमाणपत्र प्राप्त गरेको र नवीकरण भएको। |
| अ.हे.व/ चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सि.एम.ए. कोर्स उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भई नवीकरण गरेको। |
| कार्यालय सहयोगी | कक्षा ८ उत्तीर्ण गरेको। |

२. **उमेर** : सबै पदको लागि १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको तर कार्यालय सहयोगी पदको लागि १८ बर्ष उमेर पुरा भई पुरुषको हकमा ३५ बर्ष तथा महिलाको हकमा ४० बर्ष ननाघेको।

३. **दरखास्त पाउने स्थान** : चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी वा वेबसाइट www.chandrakotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

४. **दरखास्त बुझाउने स्थान** : चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मी ।

५. **दरखास्त दिने अन्तिम मिति** : २०७९/०४/२४ गते कार्यालय समयभित्र। (दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको अर्को दिन दिनको १२ बजे सम्म मात्र)

६. **छनोटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता। कार्यालय सहयोगीको हकमा प्रारम्भीक योग्यताको सूची प्रकाशन तथा प्रयोगात्मक र अन्तर्वार्ता मात्र हुनेछ।

७. **लिखित परीक्षाको पाठ्यक्रमः** लोक सेवा आयोगले समान तह र पदको लागि निर्धारण गरे बमोजिम हुने गरी कुल ६० अंकको (प्रत्येक प्रश्नको अंकभार समान २ रहने गरी कुल ३० बटा) बहुबैकल्पिक प्रश्न सोधिनेछ। कार्यालय सहयोगीको हकमा भने प्रयोगात्मक परीक्षा परीक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ।

८. **आवेदन तथा संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु

**क.** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि **ख.** न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि

**ग.** चारित्रीक प्रमाणपत्रको प्रतिलिपि **घ.** काउन्सिल/परिषद् दर्ता तथा नवीकरणको प्रमाणको प्रतिलिपी

**ङ.** अनुभव खुल्ने कागजात **च.** ३ प्रति पासपोर्ट साइजको फोटो

९. **परीक्षा संचालन** : प्रारम्भिक योग्यताक्रमको सूची पछि प्रकाशन गरिनेछ।

१०. **सेवा सुविधा** : गाउँ कार्यपालिकाको नियम बमोजिम हुनेछ ।

*थप जानकारीको लागि ९८५७०६७७३१ वा ९८५७०६०९६३ मा सम्पर्क गर्न सकिनेछ।*

प्रकाश चन्द्र शर्मा
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत